नगर कार्यपालिकाको
बैठक संख्याः ५६, २०७९-२०८४
मिति २०८२/०१/२३ को
निर्णय प्रमाणित ................

## कोहलपुर नगर कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक नं ५६, २०७९-२०८४)

मितिः २०८२ बैशाख २३ गते

निर्णयहरुः

१. कोहलपुर नगरपालिकाको अघिल्लो कार्यपालिका बैठकमा भएका निर्णयहरुको कार्यान्वयन अवस्था सम्बन्धमा समीक्षा गरियो । कार्यपालिकाका निर्णयहरुको कार्यान्वयनमा सबै सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने ।

२. नगरपालिकाको दशौं स्थापना दिवस तयारीका लागि गठित विभिन्न उपसमितिहरुबाट सम्पादित कार्यहरुको हालसम्मको प्रगती जानकारी भयो । नगरपालिकाको बाह्रौं स्थापना दिवस मिति २०८२ बैशाख २५ गते भव्यताका साथ मनाउने कार्यक्रम रहेकाले सो दिवसको अवसरमा आकस्मिक एवं अत्यावश्यकीय सेवा बाहेक यस नगर कार्यपालिकाको कार्यालय मातहतका वडा कार्यालय, शिक्षण संस्था एवं सार्वजनिक निकायहरुमा मिति २०८२ बैशाख २५ गते १(एक) दिन स्थानीय बिदा दिने । साथै सार्वजनिक बिदा भएता पनि यस नगरपालिका अन्तर्गत कार्यरत सम्पूर्ण शिक्षक, कर्मचारी एवं पदाधिकारीहरु सरकारी/ औपचारिक पोशाक व्यानर सहित नगरपालिका स्थापना दिवस कार्यक्रममा अनिवार्य उपस्थित हुन सूचित गर्ने।

३. नगरपालिका स्थापना दिवसका क्रममा उत्कृष्ट कर्मचारी छनौटका लागि प्रस्ताव भएको समिति एवं मापदण्ड स्वीकृत गरी सोही समितिको सिफारिस बमोजिमका कर्मचारीहरुलाई पुरुस्कृत गर्ने ।

उत्कृष्ट कर्मचारी छनौट मापदण्ड समितिः

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | - संयोजक |
| शिक्षा तथा खेलकुद शाखा प्रमुख | - सदस्य |
| आर्थिक प्रशासन शाखा प्रमुख | - सदस्य |
| स्वास्थ्य शाखा प्रमुख | - सदस्य |
| प्रशासन शाखा प्रमुख | - सदस्य सचिव |

मापदण्डः

- सेवा अवधि
- नियमितता, समय पालना, पोशाक
- कार्य सम्पादन क्षमता तथा नेतृत्व क्षमता
- तालिम

४. विधायन समितिको मिति २०८२/०१/१७ को निर्णय सिफारिस बमोजिम नगर युवा परिषद कार्यबिधी, २०८२ मा प्राप्त राय सुझाव समेटी उक्त कार्यबिधी स्वीकृत गर्ने ।

पुर्णप्रसाद आचार्य
नगर प्रमुख

नगर कार्यपालिकाको
बैठक संख्याः ५६, २०७९-२०८४
मिति २०८२/०१/२३ को
निर्णय प्रमाणित ...............

५. यस नगरपालिका अन्तर्गतका विभिन्न वडाका देहाय बमोजिम जग्गाको नापनक्सा भएका भूमिहिन सुकुम्बासी र भूमिहिन दलितहरुको तपसिलको विवरण बमोजिमको जग्गाधनी प्रमाण पुर्जा तयार गर्ने प्रयोजनका लागि सूचना प्रकाशित गरिदिनु भूमी सम्बन्धी समस्या समाधान आयोग, जिल्ला समिति, बाँकेमा सिफारिस गर्ने । साथै वडा नं. १ को ३६ जना भूमिहिन दलित, भूमिहिन सुकुम्बासीको पुर्जा वितरण गर्ने ।

तपसिलः

| सि.नं. | वडा नं. | भूमिहिन दलित | भूमिहिन सुकुम्बासी | अव्यवस्थित बसोबासी | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | १ | | | १५६५ | १५६५ | |
| २ | २ | ५५ | ९५ | ३५०० | ३६५० | |
| ३ | ५ | १५ | ३६ | ९५० | १००१ | |
| ४ | ८ | ५६ | ४८ | ५०० | ६०४ | |
| ५ | ९ | ३० | ४७ | ८५० | ९२७ | |
| ६ | १० | १२ | २६ | ८६० | ८९८ | |
| ७ | ११ | ४४ | ४७ | ८५० | ९४१ | |
| ८ | १२ | ५७ | ७३ | १६५० | १७८० | |
| ९ | १४ | ४६ | ५१ | ८४० | ९३७ | |
| १० | १५ | ३४ | ३८ | ९५० | १०२२ | |
| जम्मा | | ३४९ | ४६१ | १२५१५ | १३३२५ | |

६. यस नगरपालिकाबाट बिगतमा भूमिहिन सुकुम्बासी, भूमिहिन दलित र अव्यवस्थित बसोबासीहरुका लागि जग्गाको लगत संकलन लगायतका कार्यका लागि सूचना प्रकाशन भएकोमा विभिन्न कारणले छुट हुन गएको भनी बारम्बार वडा कार्यालयहरुमा जनगुनासो आउने गरेकाले फाराम भर्न छुट भएकाहरुको लागि पुनः १(एक) पटकका लागि सूचना प्रकाशनका लागि आवश्यक व्यवस्था गरिदिन राष्ट्रिय भूमी आयोग र राष्ट्रिय भुमी आयोगको जिल्ला समिति बाँकेलाई अनुरोध गर्ने ।

७. कोहलपुर नगरपालिकामा भुमिहिन दलित र भूमिहिन सुकुम्बासीहरुको जग्गाधनी प्रमाणपुर्जा वितरण कार्यको शुभारम्भ कार्यक्रम एवं १ नं. वडामा पुर्जा वितरण कार्यमा भएको खर्च रकम रु.३,१६,६८०।– भूमि आयोगको कार्यक्रम सञ्चालन तथा व्यवस्थापन खर्च शीर्षकबाट भुक्तानी दिने।

पूर्णप्रसाद आचार्य

नगर कार्यपालिकाको
बैठक संख्या ५६, २०७९-२०८४
मिति २०८२/०१/२३ को
निर्णय प्रमाणित ................

८. कोहलपुर नगरपालिकाको सि.नं. ४३४ मा रहेको सुशिल कोईराला स्मृति क्रिकेट प्रतियोगिता मौसमी समस्याका कारण हुन नसक्ने भएकाले उक्त बजेटबाट कोहलपुर नाँइट क्रिकेट प्रतियोगिता सञ्चालन गर्ने ।

९. कोहलपुर नगर स्तरीय फुटवल प्रतियोगिताको लागि १ देखि १५ वटै वडाका खेलाडीहरुका लागि जर्सी वितरण गरिएकोमा उक्त जर्सी खरिद वापत खेलकुद प्रवर्द्धन कार्यक्रम शीर्षकबाट रु.१,८०,०००।– भुक्तानी दिने ।

१०. कोहलपुर नगरपालिका वडा नं. ११ स्थित शुभलक्ष्मी कलेक्सनमा मिति २०८२/०१/०७ गते र फिक्स कलेक्सनमा मिति २०८२/०१/१३ गते आगलागी भई क्षति हुन गएकोमा शुभलक्ष्मी कलेक्सनलाई रु.१,००,०००।- (एक लाख) र फिक्स कलेक्सनलाई रु.७५,०००।- (पचहत्तर हजार) आर्थिक सहयोग उपलब्ध गराउने ।

११. यस नगरपालिका भित्र रहेका निजी तथा सामुदायिक वनहरुलाई व्यवस्थित गर्न निजी तथा सामुदायिक वनहरुको दर्ता शुल्क निर्धारण गर्ने ।

१२. यस नगरपालिका अन्तर्गतका केहि नगर प्रहरीले व्यक्तिगत कारण देखाई पेश गरेको राजीनामा स्वीकृत भई नगर प्रहरी जवान पद संख्या ४(चार) रिक्त रहेकाले उक्त नगर प्रहरी जवान पद संख्या ४(चार) करारमा पदपूर्ती गर्ने ।

१३. यस नगरपालिका अन्तर्गत रहेका देहायका विभिन्न समितिको निर्णयहरु अनुमोदन गरी कार्यान्वयन गर्ने ।

क. आर्थिक विकास समितिको मिति २०८१/११/१८ र २०८२/०१/१२ गतेको बैठकका निर्णयहरु

ख. सामाजिक विकास समितिको मिति २०८१ चैत्र १९ गतेको बैठकका निर्णयहरु

ग. विपद व्यवस्थापन समितिको मिति २०८१/१२/३१ र २०८२/०१/१९ गतेको बैठकका निर्णयहरु

१४. कोहलपुर न.पा. वडा नं. १ स्थित श्री कृष्ण मा.वि. देखि प्रहरी बिट नं. २ र कौशिलानगर आर्मी व्यारेक देखि प्रहरी बिट नं. २ क्षेत्रमा सुरक्षाको निमित्त सडक बत्ति जडान कार्यका लागि भैपरी आउने पुँजिगत खर्च शीर्षकबाट रु. १,५०,०००।– उपलब्ध गराउने ।

१५. कोहलपुर न.पा. वडा नं. ५ रझेना आजाद चोकदेखि पश्चिम राम फेरन थारुको घरसम्म नाली निर्माण योजनाको लागि विनियोजित रकमबाट योजना अपुरो हुने देखिएकाले भैपरी आउने पुँजिगत शीर्षकबाट रु.१(एक) लाख थप गरी योजना कार्यान्वयन गर्ने ।

१६. कोहलपुर ५ बेडनपुर बाट रझेना गाउँ जाने बाटोको पुल नजिक रिसिश्वर महादेव मन्दिरमा ह्याण्ड पम्प धारा जडान कार्य भैपरी आउने चालु शीर्षकबाट भुक्तानीबाट गर्ने ।

पूर्णप्रसाद आचार्य
नगर प्रमुख

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

नगर कार्यपालिकाको
बैठक संख्या: ५६, २०७९-२०८४
मिति २०८२/०१/२३ को
निर्णय प्रमाणित ................

१७. कोहलपुर ५ सिद्धार्थ मा.वि. रझेनामा कक्षा ६ मा अध्ययनरत विद्यार्थी अजमर अलिको विद्यालय समयमा दुर्घटना भई खुट्टा भाँचिएकोमा निजको उपचारको लागि रु.२५,०००।- उपलब्ध गराउने ।

१८. कोहलपुर नगरपालिका क्षेत्रभित्र महेन्द्र राजमार्गको अधिकार क्षेत्रभित्र राजमार्गको दायाँबायाँ रहेका जग्गाको लगत कट्टा नभएकाले सम्बन्धित जग्गाधनीले नै हालसम्म भूमिकर बुझाउनुपर्ने बाध्यता रहेकाले राजमार्गले चर्चेको जग्गाको लगत कट्टाका लागी आवश्यक व्यवस्था गरिदिन सम्बन्धित निकायमा पत्राचार गर्ने ।

१९. यस अघिको कार्यपालिकाको मिति २०८१/११/०९ को निर्णयानुसार निलसागर सेवाश्रम शाखा कार्यालय, कोहलपुरलाई मिति २०८१/१०/१५ गतेदेखि २३ गतेसम्म कोहलपुर न.पा. वडा नं. ११ स्थित खुलामञ्चमा भएको भू तपस्या कार्यक्रममा भएको खर्च वापत तिलसरा टेन्ट हाउसलाई रु.३१,२५०।- भूक्तानी दिने भनी निर्णय भएतापनि शीर्षक उल्लेख हुन छुट भएकाले उक्त रकम भैपरी आउने चालु खर्च शीर्षकबाट भुक्तानी दिने

२०. शिक्षा तथा खेलकुद शाखाबाट उत्कृत्ट बिद्यार्थी एवं अवकाश भएका बालविकास सहयोगी कार्यकर्तालाई प्रोत्साहन उपलब्ध गराउने सम्बन्धी प्रस्ताव पेश हुन आएकोमा सो सम्बन्धमा देहाय बमोजिम गर्ने ।

क.आ.ब. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत शिक्षा तर्फ रहेको उत्कृष्ट विद्यार्थीलाई प्रोत्साहन वृत्ति कार्यक्रम अन्तर्गत शैक्षिक सत्र २०८० को BLE तथा SEE र शैक्षिक सत्र २०८१ को BLE परिक्षामा उत्कृष्ट जि.पि.ए. प्रास गर्ने सामुदायिक विद्यालयबाट १ छात्र/ १ छात्रा र संस्थागत विद्यालयबाट १ छात्र/ १ छात्रालाई प्रोत्साहन स्वरुप १३ जना उत्कृष्ट विद्यार्थीलाई जनही रु.८,०००।- का दरले र २ जना सर्बोत्कृष्ट विद्यार्थीलाई जनही रु. १०,०००।- का दरले उपलब्ध गराउने ।

ख.बाल विकास केन्द्र तथा बाल विकास समायोजन कार्यविधि २०७८ को दफा ११ बमोजिम बाल विकास सहयोगी कार्यकर्ता पदमा लामो समयदेखि सेवा गरी अनिवार्य अवकाश भएका देहायका बाल विकास सहयोगी कार्यकर्ताहरुलाई बालविकास शिक्षकहरुका लागि सुनौलो कोशेली कार्यक्रमको विनियोजित बजेटबाट जनही रु.१,००,०००।- (एक लाख) का दरले उपलब्ध गराउने।

तपसिल:

| सि.नं | नाम थर | पद | कार्यरत विद्यालय | अवकाश मिति |
|---|---|---|---|---|
| १ | गंगादेवी वली | बाल विकास शिक्षक | मदरसा रहमातुल उलुम, झण्डहवा | २०८०/०९/३० |

पुर्णप्रसाद आचार्य
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| २ | फडाकुमारी शर्मा | बाल विकास शिक्षक | ने.रा.आ.बि. चटार | २०८०/०९/१८ |
| ३ | शारदा शर्मा | बाल विकास शिक्षक | शिवशक्ति आ.बि., प्रेमनगर | २०८०/१०/२१ |

२१. विभिन्न धार्मिक मन्दिर तथा संघसंस्थाबाट आर्थिक सहयोग माग भई आएकोमा सि.नं. २९ धर्म कला संस्कृति संरक्षण कार्यक्रम शीर्षकबाट देहाय बमोजिम आर्थिक सहायता उपलब्ध गराउने ।

क. श्री शिव मन्दिर संरक्षण समिति, कोहलपुर १५, को मन्दिर प्राङ्गणमा श्रीमद भागवत ज्ञान महायज्ञ संचालनका लागि रु.१(एक) लाख उपलब्ध गराउने ।

ख. श्री लक्ष्मी नारायण मन्दिर कोहलपुर ११ लाई पुजा सामाग्री खरिदका लागि रु.५१(एकाउन्न) हजार उपलब्ध गराउने ।

ग. रुकुमेली सेवा समाज, बाँके लाई सांस्कृतिक सामाग्री खरिद तथा ब्यवस्थापनका लागि रु.१ लाख ५० हजार उपलब्ध गराउने ।

२२. नेपाल पत्रकार महासंघ, बाँके शाखाबाट सञ्चारकर्मीका लागि क्षमता अभिबृद्धि कार्यक्रम शीर्षकमा प्राप्त प्रस्तावना पत्र स्वीकृत गर्ने सोको बजेट चालु आ.ब. २०८१/८२ को वार्षिक कार्यक्रमको बजेट सि.नं ४५ मा रहेको सञ्चारकर्मीका लागि क्षमता अभिबृद्धि कार्यक्रम शीर्षकबाट सम्झौता गरी कार्यक्रम सञ्चालन गर्ने ।

२३. कोहलपुर नगरपालिकाको आवास, खानेपानी तथा सरसफाई घुम्तिकोष सञ्चालन कार्यविधि २०८० मा संशोधन गर्ने ।

२४. कोहलपुर नगरपालिकाको आवास खानेपानी तथा सरसफाई घुम्तिकोष व्यवस्थापन समितीको मिती २०८२ बैशाख १७ गतेको निर्णयहरु अनुमोदन गर्ने ।

२५. कोहलपुर नगरपालिका आवास, खानेपानी तथा सरसफाइ घुम्ती कोष संचालन कार्यविधि, २०८० बमोजिम कोहलपुर नगरपालिका आवास, खानेपानी तथा सरसफाइ घुम्ती कोष सञ्चालन समितीको निर्णय सिफारिस अनुसार आवास कार्यक्रम सञ्चालन गर्नको लागि एन.एम.बी.बैक सँग ग्यारेण्टी फण्ड तयार गरी साझेदारीमा आवास कार्यक्रम सञ्चालन गर्ने ।

२६. यस नगर कार्यपालिकाको कार्यालय अन्तर्गत नगर स्वास्थ्य शाखामा रिक्त जनस्वास्थ्य अधिकृत पद(सातौ तह) मा श्री अनिल सेन ठुकरी (क.सं.नं. २०२३१३) लाई पदस्थापन गर्ने।

२७. अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी यूनियन(क्रान्तिकारी) ले शिक्षा सम्बन्धमा पेश गरेको माग पत्रका सम्बन्धमा बैठकमा जानकारी गराईयो ।

पुर्णप्रसाद आचार्य
नगर प्रमुख

२८. यस नगरपालिका अन्तर्गत कार्यरत महिला स्वास्थ्य स्वयंसेविकाहरुको विगतदेखि नै प्रति महिना यातायात खर्च वापत जनही रु.२,०००।–(दुई हजार) का दरले उपलब्ध गराउँदै आएकोमा सो यातायात खर्च वापतको रकम चालु आ.ब. मा समेत निरन्तर दिने निर्णय गरियो ।

२९. कोहलपुर नगरपालिका वडा नं. ६ मा रहेको "खानेपानी तथा सरसफाई उपभोक्ता समिति, कोनपा ६" लाई खानेपानी पाइपलाईन २५०० मिटर विस्तार कार्यका लागि आ.ब. २०८१/०८२ को वार्षिक नीति बजेट तथा कार्यक्रम पुस्तिकाको खानेपानी पूर्वाधार साझेदारी शीर्षकबाट रु.१,५०,०००।–(एक लाख पचास हजार) उपलब्ध गराउने भनी कार्यपालिकाबाट मिति २०८१/०९/०३ मा निर्णय भएकोमा उक्त योजना कार्यान्वयन नगर्ने र सोही बजेट शीर्षकबाट खर्च हुने गरी कोहलपुर न.पा. वडा नं. ६ स्थित खानेपानी तथा सरसफाई उपभोक्ता समितिको कार्यालयदेखि सिक्टा नहरसम्म बाटो स्तरोन्नतीका लागि रु.२(दुई) लाख उपलब्ध गराउने ।

३०. कोहलपुर ११ लोकनगर सृजनाटोल सुरेन्द्र के.सी. को घरदेखि विश्वराजको घरसम्म नाला निर्माण कार्यका लागि सि.नं. १०३ विभिन्न वडामा नाली निर्माण शीर्षकबाट रु. ८(आठ) लाख उपलब्ध गराउने ।

३१. महेन्द्र राजमार्गदेखि सरस्वती सामुदायिक वन डम्पिङ् साइडसम्म जाने बाटो स्तरोन्नतीका लागी भैपरी आउने पुंजिगत शीर्षकबाट रु५(पाँच) लाख उपलब्ध गराउने ।

३२. कोहलपुर ४ ढुंगानाको घरदेखि उमाको घर हुँदै मदनचोक जाने सडक खण्डमा जोड्ने बाटोमा माटो फिलिङ् र ग्राभेल गर्नका लागि भैपरी आउने पुँजिगत खर्च शीर्षकबाट रु.३(तीन) लाख उपलब्ध गराउने ।

३३. महेन्द्र पुस्तकालय, नेपालगञ्ज, बाँकेको च.नं. ९३ मिति २०८१/११/२१ गतेको आर्थिक सहयोग माग सम्बन्धी पत्रानुसार उक्त पुस्तकालयको नवनिर्मित भवनको हल कोठाको भुईमा कार्पेट, झ्याल ढोकामा पर्दा लगायतका फर्निसिङ सामाग्री खरिदका लागि क्याम्पस, पुस्तकालय, विद्यालय तथा अन्य धार्मिक तथा सामाजिक स्थलहरुमा विविध पूर्वाधार निर्माण तथा गुणस्तर अभिबृद्धि कार्यक्रम शीर्षकबाट शीर्षकबाट रु.८०,०००।– उपलब्ध गराउने।

३४. यस नगरपालिका अन्तर्गत रहेका विद्यालयहरुलाई क्याम्पस, पुस्तकालय, विद्यालय तथा अन्य धार्मिक तथा सामाजिक स्थलहरुमा विविध पूर्वाधार निर्माण तथा गुणस्तर अभिबृद्धि कार्यक्रम शीर्षकबाट देहायको कार्यका लागि रकम उपलब्ध गराउने ।

क. श्री सरस्वती मा.बि., कोहलपुर ८ मा सभाहल निर्माण तथा मर्मतका लागि लागत अनुमान बमोजिम रु.१(एक) लाख उपलब्ध गराउने ।

पुर्णप्रसाद आचार्य
नगर प्रमुख

कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके लुम्बिनी प्रदेश, नेपाल

नगर कार्यपालिकाको
बैठक संख्या: ५६, २०७९-२०८४
मिति २०८२/०१/२३ को
निर्णय प्रमाणित ...............

ख. ने.रा.प्रा.बि., कोहलपुर १४ ढोरपुर मा शुद्ध खानेपानी व्यस्थापनका लागि १ थान फिल्टर जडान कार्यका लागि रु.३(तीन) लाख उपलब्ध गराउने ।

ग. मुक्ति आधारभूत विद्यालय कोहलपुर २ लाई डेस्क बेन्च खरिदका लागि रु १(एक) लाख उपलब्ध गराउने ।

घ. श्री ज्ञानज्योति मा.बि. कोहलपुर १२ लाई कार्यालय व्यवस्थापनका लागि रु२(दुई) लाख उपलब्ध गराउने ।

ङ. जनज्योति मा.बि. कोहलपुर १ कौशिलानगरलाई कक्षाकोठमा जिप्सन राख्ने कार्यका लागि लागि १ लाख उपलब्ध गराउने ।

च. कोहलपुर नगरपालिका वडा नं. १४ स्थित श्री सृजना बाल प्रा.बि. लाई विद्यालय प्राङ्गण भित्र पार्किङ ट्रस निर्माणका कार्यका लागि रु. २(दुई) लाख उपलब्ध गराउने ।

३५. श्री बालशिक्षा मा. बि. भरैया कोहलपुर १३ मा खानेपानी व्यवस्थापनका लागि खानेपानी पूर्वाधार साझेदारी शीर्षकबाट रु ४ लाख ५० हजार उपलब्ध गराउने ।

३६. कोहलपुर न.पा. वडा नं. ११ स्थित प्रतिज्ञा मण्डली मा १(एक) वटा समरसिबल धारा जडान गर्न प्राबिधिक लागत अनुमान बमोजिम सि.नं. १०७ खानेपानी पूर्वाधार साझेदारी शीर्षकबाट स्रोत सुनिश्चित हुने गरी खानेपानी व्यवस्थापन गर्ने ।

३७. सामुदायिक रेडियो प्रतिबोध एफ एम सञ्चालन तथा व्यवस्थापनक लागि सि.नं. ४३ विभिन्न(सरकारी तथा गैरसरकारी) निकायहरुसँग समन्वय सहकार्य शीर्षकबाट रु.७(सात) लाख उपलब्ध गराउने ।

३८. वार्षिक नीति, बजेट तथा कार्यक्रम पुस्तिकाको सि.नं. १०१ मा रहेको वडा कार्यालयदेखि केन्द्रसम्म सडक पीच गर्ने योजनालाई बहुबर्षीय योजनाको रुपमा सञ्चालन गर्ने ।

३९. वार्षिक नीति, बजेट तथा कार्यक्रम पुस्तिकाको सि.नं. ५३० बालबालिकाहरुको लागि बाल विवाह न्युनिकरण, बालबालिका माथि हुने यौनजन्य हिंसा न्युनिकरण, बालश्रण तथा लागु पदार्थ दुर्व्यशनी न्युनिकरण सम्बन्धी कार्यक्रम र बाल क्लबको विभिन्न क्रियाकलाप सञ्चालन कार्यक्रम बाल क्लब संजाल मार्फत गर्ने ।

४०. वार्षिक नीति, बजेट तथा कार्यक्रम पुस्तिकाको सि.नं. ३८९ मा रहेको नगर प्रमुख सँग विद्यार्थी अभिभावक कार्यक्रम शीर्षकलाई संशोधन गरी उक्त शीर्षकमा बिनियोजित बजेटबाट कोहलपुर नगर स्तरीय युवा क्लब सञ्जालको कार्यालय व्यवस्थापन, क्षमता अभिबृद्धि, अवलोकन भ्रमण र बिभिन्न कार्यक्रम संचालन गर्ने ।

पुर्णप्रसाद आचार्य
नगर प्रमुख

कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके लुम्बिनी प्रदेश, नेपाल

नगर कार्यपालिकाको
बैठक संख्याः५६, २०७९-२०८४
मिति २०८२/०१/२३ को
निर्णय प्रमाणित ................

४१. उज्जवल निर्माण सेवा प्रा.लि. र कोहलपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय बीच कवाडी मालसामान, जडीबुटी बिक्री वितरण तथा उपयोगमा लाग्ने कर संकलन कार्यका लागि मिति २०८०/१२/०८ मा भएको सम्झौता बमोजिम उक्त सम्झौताको म्याद २०८१ फागुन मसान्त सम्म रहेकोमा उक्त प्रा.लि. ले सम्झौताको म्याद थप गरी पाउँ भनि निवेदन पेश गरेकोमा सम्झौताको बुँदा नं. १० मा उल्लेख भए अनुसार दुवै पक्षको सहमतिमा कार्यपालिकाको बैठकबाट सम्झौता अवधि थप गर्न सकिने व्यवस्था भएकोमा कार्यपालिकाको मिति २०८१/११/०९ को निर्णय अनुसार २०८२ असार मसान्त सम्म म्याद थप गर्ने निर्णय भएको र उक्त प्रा.लि.ले यस कार्यालयमा पेश गरेको निवेदन बमोजिम २०८२ बैशाख मसान्त सम्म म्याद थप भईसकेकोमा सो प्रा.लि.ले पुनः म्याद थपका लागि मिति २०८२/०१/२२ गते निवेदन पेश गरेकाले उक्त कवाडी मालसामान, जडीबुटी बिक्री वितरण तथा उपयोगमा लाग्ने कर संकलन कार्यको म्याद २०८२ असार मसान्त सम्म थप गर्ने ।

४२. कोहलपुर न.पा. २ नं. वडा कार्यालयको च.नं. २४१२ मिति २०८२/०१/१९ गतेको पत्र मार्फत सिफारिस भई आएकोमा वडा नं. २ स्थित मुक्तिनगरमा बिउ भण्डारण गृह निर्माणका लागि यस अघिको कार्यपालिकाको मिति २०७९/१२/२३ को निर्णय बमोजिम जग्गा उपलब्ध गराईएकोमा उक्त स्थानमा बिउ भण्डारण गृह निर्माणका लागि गुरुयोजना तयार गर्ने।

पुर्णप्रसाद आचार्य
नगर प्रमुख